# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, मंसीर ७ गते २०५० साल (अतिरिक्ताङ्क ४८


## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## विश्वविद्यालय अनुदान आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्यमा विश्वविद्यालयहरुको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २५३

तवरले वितरण गर्ने तथा विश्वविद्यालयको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने सम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम स्थापना भएको विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्छ ।

(ख) "विश्वविद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका वा हुने विश्वविद्यालय सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ङ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

458

ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. आयोगको स्थापना : (१) नेपाल अधिराज्यमा विश्वविद्यालयको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकमको समुचित तवरले वितरण गर्ने तथा विश्वविद्यालयमा शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने समेतको लागि एक विश्वविद्यालय अनुदान आयोगको स्थापना हुनेछ ।

(२) आयोगलाई अंग्रेजी भाषामा "युनिभर्सिटी ग्राण्ट्स कमिसन" भनिनेछ ।

(३) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. आयोग स्वशासित संस्था हुने : (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) आयोगको सबै काम कारबाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) आयोगले व्यक्ति सरह नालिस उजूर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. आयोगको गठन : (१) दफा ३ को उपदफा (१) बमोजिम स्थापना भएको आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) ख्याति प्राप्त शिक्षाविद्हरुमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति    -अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विश्वविद्यालयका उपकुलपतिहरुमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना उपकुलपति -सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) -सदस्य

(घ) सचिव, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय -सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(च) उच्च शिक्षामा विशेष योगदान पु-याउने विद्वान तथा वरिष्ठ प्राध्यापकहरुमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना व्यक्ति -सदस्य

(छ) उच्च शिक्षाका क्षेत्रमा विशेष योगदान पु-याउने विभिन्न क्षेत्रका व्यक्तिहरुमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना व्यक्ति -सदस्य

(ज) सचिव -सदस्य-सचिव

(२) मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुन: मनोनीत हुन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले आयोगको कारण सहितको सिफारिशमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोगका सदस्यहरु हेरफेर गर्न सक्नेछ ।

६. आयोगको काम, कर्तव्य र अधिकार : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई परामर्श दिने ।

(ख) विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरुलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ग) विश्वविद्यालयहरुलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरुको लागि सम्बन्धित निकायहरुमा सिफारिश गर्ने ।

(घ) विश्वविद्यालयहरुमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरु बीच समन्वय कायम गराउने ।

(ङ) शैक्षिक स्तर बृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने ।

(च) विश्वविद्यालयहरुमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(छ) नेपाल अधिराज्यभित्र तथा बाहिरका विश्वविद्यालय वा शैक्षिक संस्थाहरु बीच छात्रवृत्ति, विद्वतवृत्ति आदि आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(ज) विश्वविद्यालयहरु बीच समन्वय कायम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 250

(झ) आयोगको काम कारबाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ञ) आयोगको उद्देश्य पूर्तिका लागि तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

(२) आयोगले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारसंग परामर्श लिन सक्नेछ ।

७. <u>विवरण माग गर्न सक्ने</u> : (१) दफा ६ मा उल्लेख भए बमोजिमका काम, कर्तव्यको सिलसिलामा आयोगले कुनै विश्वविद्यालय वा सो अन्तरगत सञ्चालन भएका शैक्षिक संस्थाको आर्थिक कारोवार, मौजुदा कोष, शैक्षिक कार्यक्रम, पाठ्यक्रम वा अन्य कृयाकलाप सम्बन्धमा आवश्यक विवरण माग गर्न सक्नेछ र त्यस्तो विवरण उपलव्ध गराउनु सम्बन्धित विश्वविद्यालयको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरणका सम्बन्धमा कुनै विश्वविद्यालय वा सो अन्तरगत सञ्चालन भएका शैक्षिक संस्थाको निरीक्षण गर्नु परेमा आवश्यकता अनुसार आयोगले निरीक्षण गर्न गराउन सक्नेछ र त्यस्तो निरीक्षण गर्न आउने व्यक्तिलाई आवश्यक सहयोग गर्नु सम्बन्धित विश्वविद्यालयको कर्तव्य हुनेछ ।

८. <u>आयोगको बैठक</u> : (१) आयोगको बैठक महीनाको कम्तीमा एक पटक बस्नेछ ।

(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले आयोगको बैठकको अध्यक्षता गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) आयोगको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) आयोगको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९. समिति वा उपसमिति गठन गर्न सक्ने : (१) आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि आयोगले तोके बमोजिम हुनेछ ।

१०. विश्वविद्यालय स्थापना गर्न आयोगसंग परामर्श गर्ने : श्री ५ को सरकारले नयाँ विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा आयोगसंग परामर्श गर्नेछ ।

११. विश्वविद्यालयलाई अनुदान दिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि विश्वविद्यालयलाई दिइने अनुदान आयोग मार्फत दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
255

(२) तोकिएको शर्तहरुको पालना गर्ने विश्वविद्यालयलाई आयोगले अनुदानको लागि अन्य कुनै संस्थामा सिफारिश गर्न सक्नेछ ।

(३) आयोगले तोकेको शर्त पूरा गर्ने निजी क्याम्पसहरुलाई आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

(४) विश्वविद्यालयलाई दिइने अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. अध्यक्षको काम, कर्तव्य, अधिकार तथा सेवा, शर्त र सुविधा : (१) अध्यक्षको काम, कर्तव्य, अधिकार तथा सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) अध्यक्ष पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

१३. आयोगको सचिवालय : (१) आयोगको कार्य सञ्चालन एवं प्रशासकीय कामकाजको लागि एक सचिवालय रहनेछ ।

(२) अध्यक्षको रेखदेखमा रही सचिवले आयोगको दैनिक कार्य सञ्चालन गर्नेछ ।

(३) सचिवको नियुक्ति श्री ५ को सरकारबाट हुनेछ ।

(४) सचिवको पदावधि चार वर्षको हुनेछ ।

(५) सचिवको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ ।

१४. कर्मचारी सम्बन्धी व्यवस्था : (१) आयोगमा आवश्यकता अनुसार कर्मचारी रहनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगको लागि आवश्यक पर्ने कर्मचारीको दरवन्दी, योग्यता तथा पारिश्रमिक र अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

१५. आयोगको कोष : (१) आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ,
(ख) अन्तरराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम ,
(ग) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम आयोगले कुनै रकम प्राप्त गर्नु पर्ने भएमा श्री ५ को सरकार मार्फत कारबाही गर्नु पर्नेछ ।

(३) आयोगको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) आयोगद्वारा गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१६. लेखा र लेखा परीक्षण : (१) आयोगको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) आयोगको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा आयोगको आय व्ययको लेखा र तत्सम्बन्धी हिसाब किताब जुनसुकै बखत जाँच्न र जचाँउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०१

**१७. <u>अधिकार प्रत्यायोजन</u> : आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सचिव, आयोगको समिति वा उपसमिति वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।**

**१८. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : आयोगले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।**

**१९. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य पूर्तिको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियम लागू हुनेछ ।**

लालमोहर सदर मितिः- २०५०।८।७२

**आज्ञाले,**
**वेदव्यास क्षेत्री**
**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।